नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

पत्र संख्याः- २०८०/८१
चलानी नं.:- ६

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति २०८०।०४।२३

श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं।
सिंहदरबार, काठमाण्डौं।

**विषयः वेवसाइटमा सूचना राखिदिने सम्बन्धमा।**

सोह्रौं पुस्तकालय दिवस, २०८० मनाउने सम्बन्धी यसैसाथ संलग्न सूचना मन्त्रालयको वेवसाइटमा राखिदिनु हुन अनुरोध छ।

दीपक शर्मा
सहसचिव

## सोह्रौं पुस्तकालय दिवस, २०८० मनाउने सम्बन्धी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना।

सम्वत् २०८० साल भाद्र १५ गते सोह्रौं पुस्तकालय दिवस मनाउने सन्दर्भमा श्रीमान् शिक्षा सचिवज्यूको अध्यक्षतामा मिति २०८० साल साउन २२ गते बसेको वैठकको निर्णयअनुसार मूल समारोह समितिको गठन गरिएको छ।

समितिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् सबै प्रदेश सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् ७५३ ओटै स्थानीय निकाय, विश्वविद्यालय अनुदान आयोग मार्फत् सबै विश्वविद्यालय र अन्तर्गतका निकायहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् ७७ ओटै शिक्षा विकास तथा समन्वय एकाइ, गाउँपालिका महासंघ नेपाल, नेपाल नगरपालिका संघ एवम् पुस्तकालयको विकास र विस्तारमा संलग्न सबै गैरसरकारी संघ, संस्थाहरूमा अनलाइन/भर्चुअल माध्यमबाट समेत विविध कार्यक्रम गरी मनाउन अनुरोध गर्ने निर्णय गरेको हुँदा यसै सूचनालाई आधार मानी सोह्रौं पुस्तकालय दिवस विविध कार्यक्रमहरूको आयोजना गरी मनाउन हुन अनुरोध छ।

दिवसका लागि तय गरिएको आदर्श वाक्य **पुस्तौं पुस्ताका लागि पुस्तकालय** रहेको छ।